# मरिण गाउँपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुमा अस्थायी/करारमा वाल विकास सहयोगी कार्यकर्ता व्यवस्थापन सम्बन्धी कार्यविधि

**२०७८**

मरिण गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

कपिलाकोट, सिन्धुली

# मरिण गाउँपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुमा अस्थायी/करारमा वाल विकास सहयोगी कार्यकर्ता व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७८

मरिण गाउँपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुमा अस्थायी/करारमा बालविकास सहयोगी कार्यकर्ताहरुको नियुक्तिको लागि सिफारिस गर्न मरिण गाउँपालिका शिक्षा ऐन २०७५ को दफा १६ को उपदफा २ बमोजिम मरिण गाउँपालिकाले मिति २०७८/०९/१० मा यो कार्यविधि स्वीकृत गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :-

(क) यस कार्यविधिको नाम सामुदायिक विद्यालयहरुमा करारमा वालविकास सहयोगी कर्ता व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७८ रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकावाट निर्णय भएको मिति देखि प्रारम्भ हुनेछ ।

(ग) यो कार्यविधि मरिण गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात लागु हुनेछ ।

२. परिभाषा :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ख) "गाउँ शिक्षा अधिकारी" भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्दछ ।

(ग) "प्रधानाध्यपक" भन्नाले वालविकास केन्द्र संचालनमा रहेको विद्यालयको प्रमुखको भूमिका निर्वाह गर्न तोकिएको शिक्षकलाई सम्झनु पर्दछ ।

(ग) "शिक्षा शाखा" भन्नाले गाउँपालिका भित्रको शिक्षा हेर्ने इकाई सम्झनु पर्दछ ।

(घ) "विषय विज्ञ" भन्नाले सामुदायिक विद्यालयमा रिक्त रहेका शिक्षक, विद्यालय कर्मचारी र वालविकास शिक्षकको अस्थायी/करारमा नियुक्ति गर्ने प्रयोजनको लागि गाउँ शिक्षा समितिको वैठकको निर्णयवाट गाउँपालिकावाट आह्वान गरिए बमोजिम दरखास्त दिई सूचिकृत भएका विभिन्न विद्यालयहरुमा कार्यरत शिक्षकहरु भन्ने सम्झनु पर्दछ ।

(ङ) "वालविकास शिक्षक" भन्नाले वालविकास कक्षामा अध्ययनरत वालवालिकाहरुलाई पठन पाठन गराउन नियुक्ति गरिएका सहयोगी कार्यकर्तालाई सम्झनु पर्दछ ।

(च) “स्थानीय वासिन्दा” भन्नाले विद्यालय रहेको वडामा स्थायी ठेगाना उल्लेख भएको व्यक्ति भन्ने सम्झनु पर्दछ ।

(छ) “छनौट समिति” भन्नाले मरिण गाउँपालिका शिक्षा ऐन, २०७५ को दफा १६ मा गठित समिति भन्ने सम्झनु पर्दछ ।

(ज) “कार्यविधि” भन्नाले मरिण गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा संचालनमा रहेका बालविकास कक्षाको शिक्षण सिकाइका लागि अस्थायी/करार सहयोगी कार्यकर्ता व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७८ भन्ने सम्झनु पर्दछ ।

३. छनौट सम्बन्धी मापदण्ड :-

गाउँपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुवाट वालविकास केन्द्रमा अध्ययनरत वालवालिकाहरुलाई शिक्षण सिकाई गराउन सहयोगी कार्यकर्ता छनौट गरी पढाई दिनु भनि अनुरोध पत्र गाउँपालिकामा प्राप्त भएपछि देहाय बमोजिम मापदण्डको आधारमा छनौट समितिवाट सहयोगी कार्यकर्ता छनौट गरि करारमा नियुक्तिको लागि विद्यालयमा सिफारिस गरि पठाइने छ ।

(क) रिक्त पद रहेको विद्यालय उल्लेख गरी आवश्यक न्यूनतम योग्यता, पारिश्रमिक, सेवा शर्त समेत तोकि गाउँपालिकाको वेवसाइट, सूचना पाटी, वडा कार्यालय, सम्बन्धित विद्यालयको सूचना पाटीमा तथा अन्य कुनै सार्वजनिक स्थलमा कम्तिमा १५ दिनको सूचना प्रकाशित गरिनेछ ।

(ख) शिक्षा शाखाबाट विकास गरि आवेदन फारम सहभागीलाई उपलब्ध गराइने छ । आवेदन फारम तथा परीक्षा दस्तुर वापत रु ५००।- आवेदकले गाउँपालिकाले तोकेको खातामा जम्मा गर्नु पर्नेछ ।

(ग) रितपूर्वक आवेदन फारम बुझाएका आवेदकहरुलाई देहाय बमोजिमको प्रकृया अपनाई परीक्षा संचालन तथा अन्तर्वाता लिइने छ ।

१. लिखित परीक्षा १०० पूर्णाङ्कको लिइनेछ । प्रति प्रश्न २ अंक भारका वस्तुगत वहुवैकल्पिक प्रश्नहरु सोधिने छ जसका लागि समय १ घण्टा दिइनेछ ।

२. अन्तार्वाता अधिकतम १५ अंकको लिइनेछ यस अर्न्तगत न्यूनतम ६ र अधिकतम १०.५ अंकको सिमा भित्र रही अर्न्तर्वाताको लागि छनौट भएका उम्मेदवारलाई अर्न्तर्वाताकारवाट अंक प्रदान गरिनेछ ।

३. स्थानीय वासिन्दालाई ५ अंक प्रदान गरिनेछ ।

४. आवेदन दिने दिन सम्ममा सम्बन्धित तहमा कम्तिमा १ बर्ष काम गरिरहेका आवेदकहरुलाई प्रति वर्ष १ अंकका दरले वढीमा १० अंक सम्म अनुभव वापतको अंक प्रदान गरिनेछ । आवेदनको साथमा अनुभव प्रमाणित कागजात पेश नगरेका र १ वर्ष भन्दा कम अवधि काम गरेकालाई यस्तो सुविधा दिइने छैन ।

५. प्रारम्भिक वालविकास सम्बन्धी १६ दिने तालिम प्राप्त अवेदकलाई ७ अंक प्रदान गरिने छ ।

६. शैक्षिक योग्यता वापत प्रथम श्रेणी भए ३, द्वितीय श्रेणी भए २, तृतीय श्रेणी भए १ र श्रेणी नखुलेको प्रमाणपत्र भए एकमुष्ठ २ अंक प्रदान गरिने छ ।

७. लिखित परीक्षाको उत्तीर्णाङ्क न्यूनतम ४० अंकलाई मानिनेछ ।

८. आवेदकहरुको रोल नं. दर्ता नम्बरको आधारमा कायम गरिनेछ ।

९. लिखित परीक्षाको नतिजा प्रकाशित सवैभन्दा उच्चतम अंक ल्याउने मध्येवाट आवश्यक संख्याको आधारमा नेपाली वार्णनुक्रम अनुसार गरिनेछ, तर अन्तिम नतिजा भने लिखित, अर्न्तर्वार्ता र अन्य मापदण्ड बमोजिम उम्मेदवारले प्राप्त गरेका अंक गणना गरि योग्यता क्रमको आधारमा प्रकाशित गरिनेछ । आवश्यक पद संख्याको आधारमा वैकल्पिक उम्मेदवारको पनि सिफारिस गरिनेछ ।

१०. १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको एस.एल.सी वा सो सरह उर्तीर्ण महिला वालविकास सहयोगी कार्यकर्ता पदको लागि आवेदन दिन योग्य मानिनेछ ।

११. छनौट समितिवाट सफल घोषीत उम्मेदवारलाई करारमा नियुक्तिको लागि सम्बन्धित विद्यालयको वि.व्य.स. मा सिफारिस गरि पठाइने छ ।

१२. परीक्षा सुरु हुने दिन विहानै छनौट समितिले गाउँपालिकाको प्रतिनिधिको रोहवरमा गाउँपालिकामा सूचीकृत विज्ञहरु मध्येबाट गोला प्रथाद्धारा आवश्यक संख्यामा विषय विज्ञ छनौट गरिनेछ ।

१३. छनौट भएका विज्ञहरुले छनौट समितिको रोहवरमा शिक्षक सेवा आयोगले प्राथमिक तहको परीक्षाको लागि निर्धारण गरेको पाठ्क्रमको ढाँचालाई अनुसरण गरी प्रारम्भिक वालविकास केन्द्रको उद्देश्य र मर्म अनुकुल हुने खालका प्रश्नहरु निर्माण गर्नु पर्ने छ । छनौट समितिको वैठकबाट परीक्षा सम्बन्धी पाठ्यक्रमको सामान्य ढाँचा निर्धारण गरिनेछ ।

१४. प्रश्नहरु निर्माण कार्य सम्पन्न भए पश्चाट छनौट समितिले तोकेको स्थानमा परीक्षा संचालन गरिनेछ ।

१५. एकै दिन र एकै समयमा संचालन हुने परीक्षाको लागि एउटै प्रश्नपत्रको प्रयोग गरिनेछ । उक्त दिन छनौट भएका विज्ञहरुलाई सामुहिक रुपमा प्रश्नपत्र निर्माण र उत्तरपुस्तिका परीक्षण कार्य पनि गर्न लगाइने छ, तर अन्तर्वाता कार्य भने विद्यालयगत रुपमा संचालन गरि नतिजा प्रकाशित गरिनेछ । छनौट समितिले तोकेको विज्ञले मात्र अन्तर्वातामा अंक प्रदान गर्न पाउनेछन ।

१६. छनौट सम्बन्धी काममा सहयोग पुऱ्याउन थप कर्मचारी आवश्यक देखिएमा उपयुक्त व्यक्तिलाई छनौट समितिले लिई काममा लगाउन सक्नेछ ।

१७. परीक्षा सम्बन्धी काम सकेसम्म एकै दिन सम्पन्न गर्न प्रयास गरिनेछ । कारणवस समय अभावले परीक्षा सम्बन्धी काम उक्त दिन सम्पन्न हुन नसकेमा परीक्षा सम्बन्धी सम्पूर्ण कागजातहरु सुरक्षाको लागि इलाका प्रहरी कार्यालय, कपिलाकोटमा राख्ने व्यवस्था मिलाइने छ ।

१८. परीक्षाको अनुगमन सुपरीवेक्षण गाउँपालिकाको अध्यक्ष/उपाध्यक्षवाट हुनेछ ।

४. माथि जुनसुकै कुरा लेखिएको भएता पनि एकै पटकमा एउटै विज्ञापनद्धारा सहयोगी कार्यकर्ताको व्यवस्थापन/छनौट सम्बन्धी कार्य गर्नुपर्ने भएकोले छनौट समितिका पदाधिकारीहरु प्रमुख प्रशासकीय अधिकृत, गाउँ शिक्षा अधिकारी र रिक्त पद रहेका विद्यालयहरुका प्र.अ.हरुको संयुक्त वैठक वसि विज्ञापन तथा लिखित परीक्षा सम्बन्धी कार्य सम्पन्न गरिनेछ भने अर्न्तर्वाता र अन्तिम नतिजा प्रकाशित सम्बन्धी कार्य विद्यालयगत रुपमा गरिनेछ ।

५. विविध :-

यस कार्यविधि कार्यान्वयनको क्रममा थप व्यवस्था गर्नु परेमा यस कार्यविधि तथा प्रचलित कानुनसँग नबाझिने गरी गाउँपालिकाले आवश्यक निर्णय लिन सक्नेछ ।